## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका वैठक

वैठक संख्या ७/०७६/०७७

आज मिति २०७६ माघ १२ गते दिउँसो ३:३० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माघव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री हरि नारायण श्रेष्ठ | का.वा. वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३१. | श्री रत्न बहादुर कटुवाल | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ३२. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

**वैठकमा छलफल र निर्णय भएका विषयहरुः-**

आजको बैठक यस उपमहानगरपालिकाका पूर्व नगर प्रमुख श्री ध्यानबहादुर राइ ज्यूको मिति २०७६।१०।०६ गते असामहिक निधन भएकोमा मृत आत्माको चीर शान्तिको कामना गर्दैं १ मिनेट मौन धारणा गरी सुरूवात भयो ।

१ः **छैटौ नगर सभा सम्बन्धमाः-**

धरान उपमहानगरपालिकाको छैटौ नगर सभा २०७६ साल फागुन २ र ३ गते सुनसरी उद्योग बाणिज्य संघको सभाहलमा गर्ने निर्णय गरियो ।

२. **राजश्वका दरहरूको पुनरावलोकन कार्यदल गठन गर्ने सम्बन्धमा**

धरान उपमहानगरपालिकावाट यस आ. ब. मा लागु गरेको राजस्वका दरहरूका सम्बन्धमा गुनासो आएकाले राजस्वका दर र दायराका सम्बन्धमा पुनरावलोकन गर्न आबस्यक भएकाले सो सम्बन्धमा अध्ययन गरी सुझाब पेश गर्न तपशिल अनुसारको राजश्व सुझाब कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक -श्री नरेशकुमार इवारम , १५ नं वडाध्यक्ष

सह संयोजक- श्री नरेन्द्रकुमार राई , १८ नं वडाध्यक्ष

सदस्य -श्री माधव गोविन्द श्रेष्ठ , २ नं वडाध्यक्ष

सदस्य -श्री कैलाश अग्रवाल, कार्यपालिका सदस्य

सदस्य -श्री हिरादेवी राई, कार्यपालिका सदस्य

सदस्य -श्री सुनसरी उध्योग बाणिज्य संघ अध्यक्ष

सदस्य -श्री विकास कुमार वनेपाली, वडा सदस्य वडा नं ३

सदस्य -श्री कृष्णकुमार अग्रवाल , विज्ञ धरान १२

सदस्य -श्री डा. अशोक झा , विज्ञ महेन्द्र बहुमखी क्याम्पस

सदस्य -श्री मीन कार्की ,विज्ञ उप प्राध्यापक महेन्द्र बहुमुखी क्याम्पस

सदस्य -श्री डा. अमृतकुमार राई ,विज्ञ

सदस्य सचिब -श्री खगेन्द्र प्रसाद खतिवडा , राजश्व पर्यटन तथा सूचना महाशाखा प्रमुख

कर्मचारी सदस्य -श्री सारदा प्रसाद भट्टराई, कर निरिक्षक

- उक्त कार्यदलले १ महिना भित्रमा सरोकारवालाहरु संग छलफल साथै छिमेकी नगरपालिकाहरुको राजश्वको अबस्था साथै दर रेटहरूको समेत अध्ययनगरी प्रतिवेदन दिनु पर्ने छ ।
- कार्यदलको सेवा सुविधाका सम्बन्धमा कार्यपालिकाका सदस्यले पाउने सेवा सुविधा सरह रहने समेत निर्णय गरियो ।

३. विविध विषय

क)नगर पर्यटन सूचना केन्द्र निर्माण गर्ने सम्बन्धमा

धरान उपमहानगरपालिकामा नगर पर्यटन सूचना केन्द्र निर्माण गर्ने सम्बन्धमा यस कार्यालयको पर्यटन प्रबर्द्धन समितिको मिति २०७६/१०/१० को निर्णय अनुसार धरान-८ तीनकुने स्थितको शीलोकमार्गको पश्चिमतर्फ रेडियो नेपाल तथा विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान जाने सडकको दक्षिणतर्फ कर्नरमा खालिरहेको करिव ३-१०-० (तीन कठ्ठा दश धुर )जग्गामा आवश्यक पूर्वाधार सहितको नगर पर्यटन सूचना केन्द्र निर्माण गर्ने र सो को लागि लांघाली सामुदायिक वन र सेक्टर वन कार्यालय धरानसंग आवश्यक समन्वयगरी आवश्यक ड्रईङ, डिजाईन र लागत स्टमेट तयार गरी **नेपाल सरकारबाट स्थानीय पर्यटन पूर्वाधार विकासको** लागि प्राप्त भएको रु २५ (पच्चिस) लाख बजेट लगानी गर्ने साथै अपुग वजेट अन्य श्रोतबाट खोजी गरी व्यवस्थापन गर्ने समेत निर्णय गरियो ।

ख) कवाडी कर सम्बन्धमा

धरान उपमहानगरपालिकाबाट मिति २०७६ भाद्र १० गते प्रकाशीत कवाडी कर ठेक्कामा दिने सम्बन्धमा बोलपत्र आह्वान गरिएको सूचना बमोजिम सबै भन्दा बढी ठेक्का अंक कबुल गर्ने श्री बज्रगी कन्स्ट्रक्सन एण्ड सप्लायर्सको बोलपत्र स्वीकृत भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) बमोजिम कार्य सम्पादन जमानत लिई सम्झौता गर्न नआएको हुँदा मिति २०७६/८/१३ को निर्णय (प्रमुख प्रशासकीय अधिकृत स्तरीय) अनुसार निजले धरौटी वापत राख्नु भएको रकम जफत गरी दोश्रो बढी रकम कबुल गर्ने बोलपत्रदाता श्री चण्डेश्वरी निर्माण सेवाको बोलपत्र स्वीकृत भई नियमानुसार सम्झौता गर्न बोलाईएकोमा निजले मिति २०७६/८/२० मा दिनु भएको निवेदन अनुसार निजले बोलपत्र पेश गर्दा कवुल गर्नु भएको वार्षिक ठेक्का रकमलाई दामासाहीले भाग गरी सम्झौता भएको मितिले आ.व. २०७६/०७७ को बांकी हुन आउने अवधिकोलागि कायम हुन आउने रकमलाई ठेक्का रकम निर्धारण गरी नगर स्तरीय राजस्व परामर्श समितिको सिफारीश बमोजिम ठेक्का सम्झौता गरी कवाडी कर ठेक्कामा दिने निर्णय गरियो ।

ग) नदिजन्य पदार्थ बिक्रिकालागि सर्दु, पटनाली र सेहरा खोला ठेक्कामा दिने सम्बन्धमा।

धरानउपमहानगरपालिकाबाट मिति २०७६ आश्वीन १४ गते प्रकाशीत नदिजन्य पदार्थ (सर्दु, पटनाली र सेहेरा खोला) बिक्रि ठेक्का दिने सम्बन्धमा बोलपत्र आह्वान गरिएको सूचना बमोजिम सबै भन्दा बढी ठेक्का अंक कबुल गर्ने श्री सौरभ कन्स्ट्रक्सन, ईटहरीको बोलपत्र स्वीकृत भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिम कार्य सम्पादन जमानत लिई सम्झौता गर्न नआएको हुँदा मिति २०७६/९/१८ को निर्णय (प्रमुख प्रशासकीय अधिकृत स्तरीय) अनुसार निजले धरौटी वापत पेश गर्नु भएको बिडवण्ड जमानतबाट नियमानुसारको धरौटी रकम जफत गर्ने, अन्य बोलपत्रहरु बोलपत्र आह्वान गर्दा प्रकाशित सूचनाको बुँदा नं. ४ बमोजिम रद्ध गरी सम्बन्धीत बोलपत्रदाताहरुलाई जानकारी दिने र राजस्व परामर्श समितिको वैठकको सिफारीश अनुसार न्यूनतम् ठेक्का कबुल अंक रु. २ करोड ४१ लाख कायम गरी पुन: सूचना प्रकाशन गर्ने निर्णय गरियो।

४ समवेदना सम्बन्धमा

नेपालमा २०४६ सालको जनआन्दोलन पछि भएको स्थानीय तहको निर्वाचनवाट निर्वाचित तत्कालिन धरान नगरपालिकाका हाल धरान उप महानगरपालिकाका पूर्व प्रमुख श्री ध्यानबहादुर राईज्यूको क्यान्सर रोगको उपचार गर्ने क्रममा मिति २०७६।१०।६ गतेकादिन असामयिक निधन भएकाले आजको बैठकमा पूर्व नगरप्रमुख श्री ध्यानबहादुर राइ ज्यूको मृत आत्माको चीर शान्तिको कामना गर्दै यस दुखद घडीमा शोक शन्तब्ध परिवारजनमा धैर्य धारण गर्न शक्ति मिलोसभनी समवेदना व्यक्त गरियो ।

आजको बैठक भोलि विहान ८ बजे पुन बस्नेगरी ६.३० मा स्थगित गरियो ।